# दोस्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७८/०६/१९)**

श्री आदरणीय शेयरधनी महानुभावज्यूहरु,

यस अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड, पनौती-४, काभ्रेमा संचालक समितिको मिति २०७८ साल असोज १६ गतेको दिन बसेको ६० औं बैठकको निर्णय बमोजिम यस वित्तीय संस्थाको दोश्रो वार्षिक साधारण सभा (आ.व. २०७७/०७८ को) देहायका प्रस्तावहरु माथि छलफल तथा निर्णय गर्नका लागि निम्न मिति, समय र स्थानमा हुने भएको हुँदा कम्पनी ऐन, २०६३ (पहिलो संशोधन २०७४) को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि अनुरोध गरिन्छ ।

**साधारण सभा हुने मिति, समय र स्थानः**

सभा हुने मिति : २०७८ साल कार्तिक १३ गते शनिवार (तद्अनुसार अक्टोवर ३०, २०२१)

सभा हुने समय : बिहान ११:०० बजे ।

सभा हुने स्थान : पनौती-४, काभ्रेपलाञ्चोक

सभाको माध्यम : भर्चुअल (जुम मिटिङ्ग)

**वार्षिक साधारण सभाको छलफलका बिषयहरुः**

**(क) साधारण प्रस्तावहरुः**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०७७/०७८ को बार्षिक प्रगति प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२) बाह्य लेखापरीक्षकबाट तयार पारिएको आर्थिक वर्ष २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदन सहित २०७८ असार मसान्तको वासलात र सोही अवधिको नाफा/नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायत लेखा नीतिहरु सहित सम्बन्धित अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३) सञ्चालक समितिबाट आर्थिक वर्ष २०७७/०७८ को लागि गरिएको लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक अनुमोदन गर्ने सम्वन्धमा ।

४) बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ र कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७८/०७९ को लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

५) विविध ।

**(ख) बिशेष प्रस्तावहरु**

१) यस वित्तीय संस्थाले अन्य ईजाजत-पत्र प्राप्त “घ” वर्गका लघुवित्त वित्तीय संस्थासँग एक आपसमा गाभ्ने/गाभिने **(Merger)** तथा प्राप्ती/समाहित **(Acquisition)** हुने प्रयोजनका लागि उपयुक्त लघुवित्त वित्तीय संस्थाको पहिचान गर्ने, द्वीपक्षीय वा वहुपक्षीय वार्ता गर्ने, सहमति पत्र **(Memorandum of Understanding)** मा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैक समक्ष निवेदन दिने, सम्पत्ति तथा दायित्वको मुल्याङ्कन **(Due Diligence Audit)** गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने, अन्य वित्तीय संस्थाहरुको शाखाहरु खरिद तथा प्राप्ती गर्ने लगायतका कामसँग सम्बन्धीत आवश्यक कार्यहरु गर्न गराउनका लागि सञ्चालक समितिलाइ पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

२) संस्थाको उद्देश्य प्राप्त गर्न वचत, कर्जा, विप्रेषण लगायतका वित्तीय सेवाहरु डिजिटल माध्यमबाट समेत प्रदान गर्ने व्यवस्थाको लागि प्रबन्धपत्रमा संशोधन तथा थप गर्ने सम्बन्धमा ।

३) उल्लेखित प्रस्तावहरु बमोजिम संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन तथा थप गर्ने सम्बन्धमा ।

४) नेपाल राष्ट्र बैक, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका अन्य नियमनकारी निकायहरुबाट स्वीकृती लिने, अभिलेख गर्ने, प्रबन्धपत्र नियमावलीमा कुनै विषयमा संशोधन, परिमार्जन वा फेरबदल गर्न निर्देशन प्राप्त भएमा सो लगायतका अन्य सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

५) सर्वसाधारणहरुको लागि छुट्ट्याइएको सेयर नियमानुसार सार्वजनिक निष्कासन गर्ने सम्बन्धमा ।

६) विविध ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारीः**

१) साधारण सभामा सहभागी हुने सम्पूर्ण शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

२) साधारण सभामा भाग लिनका लागि प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले सो सम्बन्धी निवेदन सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै बिहान १०:३० बजेभित्र संस्थाको केन्द्रीय कार्यालय पनौती न.पा. वडा नं. ०४, काभ्रेपलाञ्चोकमा दर्ता गराई सक्नुपर्ने छ । प्रतिनिधि नियुक्त गरिने व्यक्ति अनिवार्य रुपमा संस्थाको शेयरधनी हुनुपर्नेछ ।

३) सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा रहेको उपस्थिति पुस्तिकामा दस्तखत वा हस्ताक्षर गर्नुपर्ने छ । शेयरधनी उपस्थिती-पुस्तिका सभा हुने बिहान १० बजे देखि खुल्ला रहने छ ।

४) अन्य थप जानकारीका लागि संस्थाको केन्द्रीय कार्यालय, पनौती न.पा. वडा नं. ०४, काभ्रेपलाञ्चोक अथवा संस्थाको सम्पर्क नं. ०११-४४१०२७/२८ मा सम्पर्क गर्न सकिनेछ ।

५) भर्चुअल मिटिङ्गको युजर तथा पासवर्ड सम्बन्धित सेयरधनी वा निजको आधिकारिक प्रतिनिधिले माग गरेबमोजिम सभा सुरु हुनुभन्दा २४(चौबीस) घण्टा अगाडि उपलब्ध गराईनेछ ।

६) सभा सम्बन्धी अन्य आवश्यक जानकारी संस्थाको आधिकारिक वेबसाईट **(https://www.aviyanlaghubitta.com)** र केन्द्रीय कार्यालयको सूचना पाटीमा प्रकाशन गरिनेछ ।

**अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड**
**Aviyan Laghubitta Bittiya Sanstha Limited**
(नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको इजाजत पत्र प्राप्त संस्था)

**रजिष्टर्ड कार्यालय : पनौती नगरपालीका-०४, काभ्रेपलाञ्चोक**

फोन : ०११-४४१०२७/२८, **Web:www.aviyanlaghubitta.com / Email:aviyanlaghu@gmail.com**